शहीदनगर नगरपालिका

Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

यदुकुहा, धनुषा

Yadukuha, Dhanusha

पत्र संख्या :- २०८१/०८२

चलानी नं.:- ४६६

मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

### सडक मर्मत सम्भार कामदार/समुह आवश्यकतासम्बन्धीसार्वजनिक सूचना

सूचना प्रकाशन मितिः २०८२/०५/१६

पूर्वाधार विकास कार्यालय, धनुषाले PH-MH-018 सबैला-यदुकूहा-तिनकोरिया दुहवी बजार वोर्डर सडक धनुषा, PH-MH-019 धनुषाधाम-सबैला-सोनिगामा-बैदेही बोर्डर सडक धनुषा,PH-MH-021जनकपुर-सोनिगामा-यदुकूहा सडक धनुषा सडकको नियमित मर्मतसम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मत सम्भार कामदारहरू आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| सबैला-यदुकूहा- | तिनकोरिया दुहवी बजार वोर्डर सडक | ५.०कि.मि | १ जना | |
| धनुषाधाम-सबैला | सोनिगामा-बैदेही बोर्डर सडक | ३.६ कि.मि | १ जना | |
| जनकपुर-सोनिगामा | यदुकूहा सडक | ४.६ कि.मि | १ जना | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह(RMG)लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरू राम्रो अवस्थामा छैनन् भनेमासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय, धनुषा मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस PH-MH-018 सबैला-यदुकूहा-तिनकोरिया दुहवी बजार वोर्डर सडक धनुषा, PH-MH-019 धनुषाधाम-सबैला-सोनिगामा-बैदेही बोर्डर सडक धनुषा,PH-MH-021जनकपुर-सोनिगामा-यदुकूहा सडक धनुषा सडकको नियमित मर्मतसम्भार कार्यको लागि यस शहिदनगर.नगरपालिका बाट यस आ.ब. २०८२/०८३को लागि ३ तिन जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) माग भइ छनौटको लागि यस शहिदनगर.नगरपालिका लाई लेखि आएकोहुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस शहिदनगर नगरपालिका/गाउँपालिकाकार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन।

२०८२/०५/१६

प्रदिप कुमार मुखिया

नि.प्रमुख प्रशासकीय अधिकृत

शहीदनगर नगरपालिका
Shahidnagar Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

यदुकुहा, धनुषा
Yadukuha, Dhanusha
मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

पत्र संख्या :- २०८१/०८२
चलानी नं.:-

दरखास्तदर्ता हुनको लागि आवश्यक मापदण्डः

१. प्राविधिक मापदण्ड

- मर्मतसम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मतसम्भार कामदारशारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मतसम्भार कार्य गर्न सक्नेहुनुपर्नेछ।
- मर्मतसम्भार कामदारमर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ।

२. सामाजिक मापदण्ड

- मर्मतसम्भार कामदार बेरोजगार हुनुपर्नेछअथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ।
- मर्मतसम्भार कामदारनगरपालिका/गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ।
- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रबर्धन गरिनेछ। छनौट गरिएका मर्मतसम्भार कामदारहरूकम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भएसम्मसबै छनोट गरिएका मर्मतसम्भार कामदारहरू महिला हुनुपर्नेछ।
- मर्मतसम्भार कामदारकम्तिमा ४० प्रतिशत दलित, जनजाति, बिपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ।

दरखास्तदिने अन्तिम मितिसमय र स्थान ,

- आवेदनको अन्तिम मिति-:२०८२/०५/२३.(सूचना प्रकाशन मितिबाट ७ दिनको म्याद)
- समय-: कार्यालय समय भित्र
- सम्पर्क स्थान-:शहिदनगर.नगरपालिका कार्यपालिकाको कार्यालय

२०८२/०५/१६

नि.प्रमुख प्रशासकीय अधिकृत

नोटः कार्यालयले आबश्यक ठानेमा RMGguidelines अनुसार संसोधन गर्न सक्नेछ नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner